मिति २०७९/०७/०३ गते बसेको कर्मचारीहरूको नियमित बैठकका प्रस्ताव तथा निर्णयहरू

## प्रस्तावहरू

१. २०७९ सालको शुभ दिपावलीको शुभकामना आदानप्रदान सम्बन्धमा।
२. यस अघिका नियमित कर्मचारी बैठकका निर्णयहरूको कार्यान्वयन अवस्था सम्बन्धी प्रस्ताव।
३. निर्वाचन आचारसंहिता पालना गर्ने सम्बन्धमा।
४. वडागत आन्तरिक राजस्वको लक्ष्य तोक्ने सम्बन्धमा।
५. योजना सम्झौता सम्बन्धमा।
६. स्वास्थ्य बिमा कार्यक्रमका लागि योगदान रकम सिफारिस कागजात पेस गर्ने सम्बन्धमा।
७. पहिलो त्रैमासिकमा सबैभन्दा बढी राजश्व सङ्कलन गर्ने कर्मचारी पुरस्कृत गर्ने सम्बन्धमा।
८. विविध सम्बन्धमा।

## निर्णयहरू

**निर्णय नं. १** प्रस्ताव नं. १ **'२०७९ सालको शुभ दिपावलीको शुभकामना आदानप्रदान सम्बन्धमा'** छलफल गर्दा आउदै गरेको बडा दसै शुभ दिपावली र छठ पर्वको अवसरमा सम्पूर्ण कर्मचारी, जनप्रतिनिधि तथा सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धिका साथै उत्तरोत्तर प्रगति अनि सभ्य र समुन्त समाज निर्माणको शुभेच्छासहित शुभकामना आदानप्रदान गरियो।

**निर्णय नं. २** प्रस्ताव नं. २ को **'यस अघिका नियमित कर्मचारी बैठकका निर्णयहरूको कार्यान्वयन अवस्था सम्बन्धी प्रस्ताव'** छलफल गर्दा यस नगरपालिका नगर कार्यपालिकाको कार्यालय अन्तर्गतका शाखा / उपशाखा / ईकाइ / फाँट / स्वास्थ्य संस्था / वडा कार्यालयहरूबाट हालसम्म सम्पादित कार्यहरू र यस अघिका स्टाफ मिटिङ्गका निर्णयहरूको कार्यान्वनयन अवस्थाको सम्बन्धमा समीक्षा गरियो। यसअघि भएका निर्णयहरूबाट जानकारी तथा सूचनामार्फत् जानकारी गराउँदा समेत केही शाखा / उपशाखा / ईकाइ / फाँट / स्वास्थ्य संस्था / वडा कार्यालयहरूबाट आवश्यक विवरण समयमा नपठाउने, तोकिएको ढाँचा बाहेकमा पठाउने, निर्णय कार्यान्वयन नगराउने, नगरपालिकाबाट जारी सूचना, परिपत्र र निर्णयहरूको सही ढङ्गले संप्रेपण नगर्ने देखिएकोले अब उप्रान्त सबै कर्मचारीहरू सूचना केन्द्रमा आवद्ध भइ सूचना केन्द्र, इमेल मार्फत् प्राप्त सूचना, जानकारी, निर्णय, परिपत्रहरूलाई आधिकारिक मानि सोहीअनुसार कडाइपूर्वक कार्यान्वयन गर्ने निर्णय गरियो।

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ३** प्रस्ताव नं. ३ **'निर्वाचन आचारसंहिता पालना गर्ने सम्बन्धमा'** छलफल गर्दा २०७९ मङ्सिर ४ गते हुने प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष एवम् धाँधलीरहीत बनाउन निर्वाचन आयोग, नेपालको मिति २०७९ असोज २७ गतेको **"निर्वाचन आचारसंहिता पालना गराउन कार्यालय प्रमुखलाई विशेष निर्देशन"** गरेको पत्रानुसार चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय र सो अन्तर्गतका वडा कार्यालय तथा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरूले कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रचार संलग्न हुने वा प्रचारप्रसार गर्ने, सामाजिक सञ्जालमा राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना, प्रचारप्रसार सामग्री पोष्ट वा शेयर गर्ने वा सामाजिक सञ्जालमार्फत् मत माग्ने लगायतका निर्वाचन आचारसंहिता विपरितको काम कारबाही नगर्ने साथै निर्वाचन आचारसंहिता विपरितको काम कारबाही गरेमा त्यस्ता कर्मचारीहरूलाई निर्वाचन आयोग ऐन, २०७३, निर्वाचन (कसूर र सजाय) ऐन, २०७३, निर्वाचन आचारसंहिता, २०७९ तथा प्रचलित कानुनबमोजिम विभागीय कारबाही हुने निर्णय गरियो।

**निर्णय नं. ४** प्रस्ताव नं. ४ **'वडागत आन्तरिक राजस्वको लक्ष्य तोक्ने सम्बन्धमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको आर्थिक ऐन अनुसार वडागत रुपमा गत २ (दुई) आर्थिक वर्षको राजस्व प्राप्ति, वडाको श्रोत साधन, भौगोलिक स्थितिलगायत मापदण्डका आधारमा चालु आर्थिक वर्ष २०७९/०८० को २ करोड ४२ लाख आन्तरिक राजश्व सङकलन गर्ने लक्ष्य पूरा गर्न अनुसूची-१ अनुसार तोक्ने। साथै सम्बन्धित जिम्मेवार निकाय (राजस्व सङ्कलनमा प्रत्यक्ष भूमिका खेल्ने वडा कार्यालय, राजस्व उपशाखा लगायत अन्य) कडाइपूर्वक क्रियाशील भइ लक्ष्य बमोजिम सर्वाधिक राजस्व उठाउने निकायलाई प्रत्येक महिनाको कर्मचारी बैठकमा पुरस्कृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ५** प्रस्ताव नं. ५ को **'योजना सम्झौता सम्बन्धमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को स्वीकृत कार्यक्रम कार्यान्वयन कार्ययोजनामा उल्लेख भएअनुसार उपभोक्ता समितिमार्फत् सञ्चालन हुने भनि तोकिएका तर सम्झौता हुन बाँकी योजनाहरू कार्यान्वयनको लागि यही २०७९ कार्तिक मसान्तसम्म सम्पूर्ण प्रक्रिया पुऱ्याइ सम्झौताको लागि नगर कार्यपालिकाको कार्यालयमा पठाउने साथै योजना सम्झौताको लागि पठाउँदा अनिवार्य रूपमा वडा अध्यक्षको रोहवरमा भेलामार्फत् उपभोक्ता समिति गठन गरी आवश्यक निर्णयसहित सम्झौताको लागि सिफारिस गर्ने निर्णय गरियो। वडामा छनोट भएका योजनाहरूको विवरण देहायबमोजिमको ढाँचामा राखी अनुगमन योजनासमेत बनाइ सोको अनिवार्य कार्यान्वयन गर्ने निर्णय गरियो।

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

**तपसिल**

| क्र.स. | योजनाको नाम | बजेट विनियोजन गर्ने निकाय | विनियोजित रकम | सम्झौता मिति | सम्पन्न हुने मिति | जिम्मेवार पदाधिकारी | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

**निर्णय नं. ६** : प्रस्ताव नं. ६ **'स्वास्थ्य बिमा कार्यक्रमका लागि योगदान रकम सिफारिस कागजात पेस गर्ने सम्बन्धमा'** छलफल गर्दा चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को स्वीकृत कार्यक्रमअनुसार गरिव, दलित, अल्पसङ्ख्यक, सहिद परिवार र जनयुद्धका घाइतेहरूको नेपाल सरकारले सञ्चालन गरेको स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध हुन आवश्यक पर्ने योगदान रकम उपलब्ध गराइ स्वास्थ्य बिमालाई नि:शुल्क गराउने चौरजहारी नगरपालिकाको 'गरिब, विपन्न दलित, अल्पसङ्ख्यक, शहीद र जनयुद्धका घाईते परिवार स्वास्थ्य बीमा कार्यक्रम कार्यविधि, २०७९' बमोजिम लाभग्राही छनोट गरी सिफारिस गरेका अनुसूची-३ मा उल्लेखित तोकिएको परिवार सङ्ख्याबमोजिम  देहायबमोजिमका कागजातहरू यस नगर कार्यपालिकाको कार्यालयमा मिति २०७९ कार्तिक २० गते भित्र अनिवार्य पेस गर्ने निर्णय गरियो।

**तपसिल**

१. कार्यविधिको अनुसूची १ बमोजिमको लाभाग्राही हुन इच्छुकले वडा कार्यालयमा पेस गरेको निवेदन,
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
३. वडास्तरीय छनोट समितिको बैठक बसी कार्यविधिको अनुसूची २ बमोजिमको मापदण्डका आधारमा अङ्क प्रदान गरी Excel Sheet मा  largest to smallest अनुसार Sort गरी अधिकतमदेखि न्यूनतमको क्रममा अङ्क प्राप्त गरी वडा स्तरीय छनोट समितले हस्ताक्षर गरी प्रमाणित गरेको सिट।
४. लाभग्राही छनोट भएको सूचना
५. सूचनामा उल्लेखित विवरणअनुसार लाभग्राही हुन अयोग्य भएको भनि दावी गरेको भए सोको विवरण
६. कसैले दावी गरेको भए सोसम्बन्धमा भएको निर्णय
७. निर्धारित कोटा र वैकल्पिक सूची सहित नगर कार्यपालिकाको कार्यालयमा सिफारिस गरेको वडा समितिको निर्णयसहित लाभग्राहीहरूको विवरण।

२०७९/६/१२
शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ७ :** प्रस्ताव नं. ७ **'कर्मचारी पुरस्कृत गर्ने सम्बन्धमा'** छलफल गर्दा चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० बमोजिम निर्धारण गरिएको आन्तरिक राजश्व सङ्कलन कार्यको लक्ष्य पूरा गर्न प्रथम त्रैमासिकको प्रगति अनुसूची २ बमोजिम भएको जानकारी गरी सोही बमोजिम निर्धारित लक्ष्यमा हालसम्म सबैभन्दा बढी प्रतिशत राजश्व सङ्कलन गर्ने द्वय वडा नं. ९ का वडा सचिव विरेन्द्र अधिकारी (४८.३१%) र वडा नं. १ का वडा सचिव सञ्जु पुन मगर (३५.५६%) लाई पहिलो त्रैमासिकमा सबैभन्दा बढी प्रतिशत प्रगति हासिल गरेकोमा पुरस्कृत गरियो ।

**निर्णय नं. ८ :** प्रस्ताव नं. ८ **'विविध सम्बन्धमा'** छलफल गर्दा नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरूले सिफारिस लगायतका सेवा प्रवाह गर्दा चौरजहारी नगरपालिकाको आर्थिक ऐन, २०७९ बमोजिम मालपोत बुझाएको रसिद अनिवार्य गर्ने त्यसैगरी सबै वडा कार्यालयहरूले आफ्नो क्षेत्राधिकारभित्र रहेका उद्योग, व्यापार तथा व्यवसायहरू मिति २०७९ कार्तिक मसान्तभित्र अनिवार्य दर्ता तथा नवीकरण गरी सोको प्रतिवेदन आगामी कर्मचारी बैठकमा पेस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ :** प्रस्ताव नं. ८ **'विविध सम्बन्धमा'** छलफल गर्दा नगरपालिकामा कार्यरत कर्मचारीहरूले मदिराजन्य पदार्थ सेवन गर्ने, मदिराजन्य पदार्थ सेवन गरी होहल्ला वा अनुशासनहिन कार्य गरेमा उक्त कार्य गर्ने सार्वजनिक पदधारण गरेका कर्मचारीहरुलाई पहिलो पटक रू. ६ हजार, दोस्रोपटक रू. १० हजार जरिवाना गर्ने निर्णय गरियो ।

**अन्तमा, बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो ।**

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

अनुसूची - १

(निर्णय नं. ४ सँग सम्बन्धित)

## आन्तरिक राजस्वको लक्ष्य तोकिएको विवरण

| क्र.सं. | वडा नं. | गत आ.व हरुमा संकलित राजस्व | | औषत | औषत रकममा बढाउनुपर्ने रकम (२५ प्रतिशत) | निर्धारित लक्ष्य ०७९/०८० |
|---|---|---|---|---|---|---|
| | | २०७७/०७८ | २०७८/०७९ | | | |
| १ | १ | ११४६४६० | १०९७८४९ | ११२२१५४.५ | २८०५३८.६२५ | १४०२६९३.१२५ |
| २ | २ | १०३९९८१ | ५८७३६६ | ८१३६७३.५ | २०३४१८.३७५ | १०१७०९१.८७५ |
| ३ | ३ | ७५६३४९ | ५७०२५९ | ६६३३०४ | १६५८२६ | ८२९१३० |
| ४ | ४ | ३९२०२४ | ३६९३१७ | ३८०६७०.५ | ९५१६७.६२५ | ४७५८३८.१२५ |
| ५ | ५ | ३३०७५६ | २०४८०६ | २६७७८१ | ६६९४५.२५ | ३३४७२६.२५ |
| ६ | ६ | २४१६५२ | १८२०६९ | २११८६०.५ | ५२९६५.१२५ | २६४८२५.६२५ |
| ७ | ७ | ३६२४५८ | २५९६१५ | ३११०३६.५ | ७७७५९.१२५ | ३८८७९५.६२५ |
| ८ | ८ | ३९९८८६ | ३७६१९२ | ३८८०३९ | ९७००९.७५ | ४८५०४८.७५ |
| ९ | ९ | ८१३१९० | ६८६८९६ | ७५००४३ | १८७५१०.७५ | ९३७५५३.७५ |
| १० | १० | २३४८२६ | २८५०६५ | २५९९४५.५ | ६४९८६.३७५ | ३२४९३१.८७५ |
| ११ | ११ | ४१५९४१ | २०५२७८ | ३१०६०९.५ | ७७६५२.३७५ | ३८८२६१.८७५ |
| १२ | १२ | ३३८९४६ | १९०५५० | २६४७४८ | ६६१८७ | ३३०९३५ |
| १३ | १३ | २९१७८१ | १७३१९९ | २३२४९० | ५८१२२.५ | २९०६१२.५ |
| १४ | १४ | ४२९६०५ | ४४२१९९ | ४३५९०२ | १०८९७५.५ | ५४४८७७.५ |
| वडाको जम्मा | | ७१९३८५५ | ५६३०६६० | ६४१२२५७.५ | १६०३०६४.३७५ | ८०१५३२० |
| नगर कार्यपालिकाको कार्यालय | | | | | | १६१८४६८० |
| जम्मा लक्ष्य | | | | | | २४२००००० |

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

अनुसूची - २

(निर्णय नं. ७ सँग सम्बन्धित)

आन्तरिक राजस्व सङ्कलन भएको विवरण

| क्र.सं. | वडा नं. | साउन | भदौ | असोज | जम्मा संकलन | लक्ष्य | राजस्व संकलन (प्रतिशतमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १३१३५३ | २७३१६३ | ९४३०५ | ४९८८२१ | १४०२६९३.१२५ | ३५.५६ | |
| २ | २ | ८७४९५ | ८२७०० | ३२३४२ | २०२५३७ | १०१७०९१.८७५ | १९.९१ | |
| ३ | ३ | १२०३१० | | | १२०३१० | ८२९१३० | १४.५१ | भदौ र असोजको दाखिला नगरेको |
| ४ | ४ | ५०१५६ | | | ५०१५६ | ४७५८३८.१२५ | १०.५४ | भदौ र असोजको दाखिला नगरेको |
| ५ | ५ | ४२८८६ | २०६६२ | १३२१३ | ७६७६१ | ३३४७२६.२५ | २२.९३ | |
| ६ | ६ | २२०९० | २९५५४ | ५३७८ | ५७०२२ | २६४८२५.६२५ | २१.५३ | |
| ७ | ७ | | ४५०७५ | | ४५०७५ | ३८८७९५.६२५ | ११.५९ | असोजको दाखिला नगरेको |
| ८ | ८ | ४६१०० | १६७१५ | ६८१५ | ६९६३० | ४८५०४८.७५ | १४.३६ | |
| ९ | ९ | १७३७० | २३२६७ | ४१२२७६ | ४५२९१३ | ९३७५५३.७५ | ४८.३१ | |
| १० | १० | ५३२२६ | ३८००० | | ९१२२६ | ३२४९३१.८७५ | २८.०८ | असोजको दाखिला नगरेको |
| ११ | ११ | २६५२५ | ३२९५० | २१६३९ | ८१११४ | ३८८२६१.८७५ | २०.८९ | |
| १२ | १२ | | १५६०० | २१०० | १७७०० | ३३०९३५ | ५.३५ | |
| १३ | १३ | १५५२२ | ६६६० | ४२५० | २६४३२ | २९०६१२.५ | ९.१० | |
| १४ | १४ | ६७०७ | ७२६८ | ४६६५ | १८६४० | ५४४८७७.५ | ३.४२ | |
| नगर कार्यपालिकाको कार्यालय | | | | | १९२९६५६ | १६१८४६८० | ११.९२ | |
| जम्मा | | | | | १८०८३३७ | २४२००००१.८८ | १९.०१ | |

२०८१/६/१३

शेरप्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

अनुसूची - ३

(निर्णय नं. १० सँग सम्बन्धित)

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

## स्वास्थ्य बीमाको लागी छनोट भएका लाभग्राहीहरूको परिवार संख्या

| वडा नं. | परिवार संख्या | कैफियत |
|---|---|---|
| १ | ८१ | |
| २ | २३ | |
| ३ | १०३ | |
| ४ | १०३ | |
| ५ | ९७ | |
| ६ | ९४ | |
| ७ | १०६ | |
| ८ | ९७ | |
| ९ | ९० | |
| १० | ९३ | |
| ११ | ८० | |
| १२ | ९९ | |
| १३ | ११९ | |
| १४ | ९५ | |
| **जम्मा** | **१२८०** | |

२०८१/६/१३
शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत